नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
सानोठिमी, काठमाण्डौं

प्रकासित मितिः २०८१/०९/०७

| |
|---|
| चीन सरकारद्वारा सन् २०२५/२६ का लागि नेपाल सरकारलाई प्राप्त हुन आएका स्नातक तह, स्नातकोत्तर तह र विद्यावारिधि(PHD) तहको छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक नेपाली उम्मेदवारलाई दरखास्त दिने सम्बन्धी जरुरी सूचनाः |

चीन सरकारद्वारा सन् २०२५/२६ का लागि नेपाल सरकारलाई प्राप्त हुन आएका स्नातक तह, स्नातकोत्तर तह र विद्यावारिधि (PHD) तहको छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक देहायअनुसार आवश्यक योग्यता प्राप्त व्यक्तिहरूबाट दरखास्त आह्वान गरिएको छ ।

१) स्नातकोत्तर तह (Post Graduate Level)

क) निर्धारित कुल सिट सङ्ख्याः- २७

ख) आवेदन माग गरिएका विषयक्षेत्रहरुः- Agriculture/Forestry/Veterinary Science, Information Technology, Engineering, Social Science, Education Management and, Culture and Conservation.

ग) दरखास्तको लागि न्यूनतम योग्यताः- त्रिभुवन विश्वविद्यालयले पछिल्लोपटक सञ्चालन गरेको स्नातकोत्तर तहको सम्बन्धित विषयको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ । स्नाकोत्तर तहका लागि ३५ बर्ष पूरा नभएको हुनु पर्नेछ । चीन सरकारको छात्रवृत्ति सम्बन्धी थप व्यवस्था www.campuschina.org मा हेर्नु हुन ।

घ) दरखास्त दिने म्यादः मिति २०८१ साल पुस महिनाको ०८ गतेदेखि २०८१ साल पुस २८ गतेसम्म यसै साथ सँलग्न गुगललिङक मार्फत दरखास्त दिन सकिने छ । दरखास्तको नमुना यसै साथ संलग्न छ ।

ङ) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः-

- पूर्ण रूपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- त्रिभुवन विश्वविद्यालय अन्तिम पटक सञ्चालन गरेको स्नातकोत्तर तहको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, र विषय
- स्नातकोत्तर तहको लागि Bachelor Level उत्तीर्ण गरेको Transcript, १०+२ वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript । SEE/SLC परीक्षाको मार्कसिट,
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ सम्बन्धित पाठ्यक्रम विकास केन्द्रबाट समकक्षता निर्धारण गरिएको पत्र समेत ।
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र
- छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० बमोजिम आरक्षण समूहका लागि समेत आवेदन गर्ने उमेद्वारहरुले आरक्षण समूह खुल्ने कागजात, प्रवेशिका परीक्षा सरकारी विद्यालयबाट उत्तिर्ण

गरेको प्रमाण र स्थानीय सरकारबाट फाराम भर्न तोकिएको अन्तिम मिति अगावै सिफारिश भएको विपन्नता खुल्ने कागजात । साधारण तर्फ निर्धारण हुने सिटका लागि यी कागजात पेश गर्नु पर्ने छैन ।

च) योग्यताक्रमः रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको अधारमा नियमानुसार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गर्ने छ ।

छ) अन्य विद्यालय समूहले पाउने अवसरः आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी माथि उल्लेख गरिएका कागजात पेश गरेका उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइने छ । सामुदायिक समूहमा कुनै पनि उम्मेदवार नभएको अवस्थामा मात्र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका उम्मेदवारलाई आरक्षित स्थान प्रदान गरिने छ । सो पनि नभएको अवस्थामा छात्रवृत्ति सम्बन्धी नियमावलीबमोजिम सो आरक्षित सिट साधारण समूहमा रुपान्तरण गरी वितरण गरिने छ ।

२) विद्यावारिधि तह (PHD)

ज) निर्धारित कुल सिट सङ्ख्याः- ४०

झ) आवेदन माग गरिएका विषयक्षेत्रहरुः- Agriculture/Forestry/Veterinary Science, Medical Science, Information Technology, Engineering, Social Science, Education Management and, Culture and Conservation

ञ) दरखास्तको लागि न्यूनतम योग्यताः- कुनै पनि विश्वविद्यालयबाट आफुले अध्ययन गर्न चाहेको विषय क्षेत्रमा स्नातक तह उत्तिर्ण भएको हुनुपर्ने र ४० बर्ष पूरा नभएको हुनु पर्नेछ । चीन सरकारको छात्रवृत्ति सम्बन्धी थप व्यवस्था www.campuschina.org मा हेर्नु हुन ।

ट) दरखास्त दिने म्यादः मिति २०८० साल पुस महिनाको ०८ गतेदेखि २०८० साल पुस २८ गतेसम्म यसै साथ सँलग्न गुगललिङ्क मार्फत दरखास्त दिन सकिने छ । दरखास्तको नमुना र लिङ्क यसै साथ संलग्न छ ।

ठ) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः- आफूले अध्ययन अनुसन्धान गर्न चाहेको विषय क्षेत्रको सङ्क्षिप्त प्रपोजल प्रस्ताव ।

| |
|---|
| अनलाइन आवेदन गर्न यस लिङ्कमा क्लीक गर्नुहोस् ।<br><br>https://forms.gle/BJGyU6TSM2gj4QCV6<br><br>वा applyscholarship@moest.gov.np मार्फत pdf फायल बनाई पठाउन सकिने छ । |

अनुसूची-१ख.
(नियम १३क. को) उपनियम (३) सँग सम्बन्धित)
<u>विपन्नताको ढाँचा</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सानोठिम भक्तपुर ।

विषय - विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ........... जिल्ला ................ गाउँपालिका./न.पा./उ.म.न.पा/म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,-
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः

| फोटो |
|---|
| |

श्री शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा, सानोठिमी, भक्तपुर ।

विषयः छात्रवृत्तिका लागि आवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०८१।०९।०८ मा प्रकाशित सूचना अनुसार स्नातकोत्तर/विद्यावारिधि तहको ........................................................विषयक्षेत्रमा चीन सरकारबाट प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न मेरो इच्छा भएकाले सूचनामा उल्लिखित कागजात र विवरण सहित यो दरखास्त पेश गर्दछु ।

प्रवेश परीक्षाको योग्यता सम्बन्धी विवरण(विद्यावारिधि तहलाई आवश्यक नपर्ने)

१) त्रिभुवन विश्वविद्यालयको अन्तिम इन्ट्रान्स परीक्षा सम्बन्धी विवरणः

| विषयः | योग्यतक्रम(Rank) | रोल नं | प्राप्ताङ्क |
|---|---|---|---|
| | | | |

२) आवेदन गरेको समूहमा टिक लगाउनु होस् (स्नातकोत्तर तहकोको लागि मात्र) । सवै आवेदकहरु खुला तर्फ कायम हुने ।

| विपन्न | महिला | अपाङ्गत | जनजाती | दलित | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदकको नामथर(नेपालीमा) ...................................................................

अंग्रेजीमा .......................................................

जन्म मिति विक्रम संवत् ...................... ईश्वी संवत् .................................

दरखास्त दिदाको बखतको उमेर ................वर्ष

सम्पर्क मोवाईल नं. .........................................

इमेल ...........................

नागरिकता नं: नागरिकता जारी मितिः

माथि लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानुन वमोजिम सहुँला बुझाउँला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेबसाइटबाट लिई तोकिए बमोजिम मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

दस्तखत..................................

मिति................................

| दायाँ | बायाँ |
|---|---|
| | |